**कोराना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली। ०७७ वैशाख ६ गते**
कैलाली र कञ्चनपुर जिल्लामा कोरोना सङ्क्रमितको उपचारका लागि ५० / ५० शैयाको अस्पतालको निर्माण गर्ने सुदूरपश्चिम प्रदेश सरकारको घोषणा अनुसार धनगढीमा निर्माण कार्य सुरू भएको छ । सुदूरपश्चिमको सामाजिक विकास मन्त्रालयले स्वास्थ्य कार्यालय, कैलाली र महाकाली अस्पताललाई ५० / ५० शैयाको अस्पताल निर्माणका लागि एक/एक करोड रूपियाँ अख्तियारी दिए अनुरूप धनगढीमा कोरोना अस्पताल निर्माण सुरू गरिएको छ भने कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा प्रक्रियामा रहेको छ । सेती प्रादेशिक अस्पताल र महाकाली अस्पतालले नै सञ्चालन गर्ने गरी दुवै ठाउँमा कोरोना सङ्क्रमितको उपचारका लागि अस्पतालको निर्माण भइरहेको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख नरेन्द्र कार्कीले जनाकारी दिनुभयो । धनगढीस्थित उद्योग वाणिज्य सङ्घको छेउमै रहेको जिल्ला समन्वय समिति,कैलालीको जग्गामा एक महिना भित्रै अस्पतालको भवन निर्माणका लागि सम्झौतासमेत भई काम सुरू भइरसेको छ । भवन निर्माणका लागि किनारा कन्स्ट्रक्सनसँग सम्झौता गरी निरन्तर रूपमा भवन निर्माण कार्य सुरू भइरहेको छ । महेन्द्रनगरमा निर्माण गरिने कोरोना अस्पतालका लागि डिपिन बिल्डर्स प्रालिले भवन निर्माण गर्ने जिम्मा पाएको छ । महाकाली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णदत्त जोशीका अनुसार सम्झौता प्रकिया अन्तिम चरणमा पुगेको छ । इन्सेक सुदूरपश्चिम प्रदेश अन्तर्गत कार्यरत इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख ६ गते पठाउनु भएको सूचनाका आधारमा उच्च सतर्कताका लागि प्रदेश अन्तर्गत भइरहेका कार्यहरू र समस्याहरूको जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** जिल्लाका विभिन्न स्थानीय तहले तयार गरेका क्वारेन्टाइनमा राखिएका ५ सय ५६ जनाको कोरोना परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । वित्थडचिर गाउँपालिका ,केदारस्युँ गाउँपालिका, दुर्गाथली गाउँपालिका, थलारा गाउँपालीका , बुंगल नगरपालिका र जयपृथ्वी नगरपालीकाका ४ सय ८५ जनाको र्‍यापीड डाइग्नोष्टिक टेस्ट र ७१ जनाको थ्रोट स्वाब नमूना सङ्कलन गरी परीक्षण गर्दा एक जनावाहेक सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल, बझाङका कोरोना भाइरस तथा कोभिड १९ महामारी रोकथाम समितिका फोकल व्यक्ति नारायण जोशीले बताउनु भयो । एक जनाको रिपोर्ट आउन बाँकी रहेको उहाँको भनाइ छ । बुंगल नगरपालीकामा ३४ जना , छविसपाथिभेरा गाउँपालीकामा एक जना र वित्थडचिर गाउँपालीकामा पाँच जना गरी ४० जना क्वारेन्टाइनमा बस्दै आएका छन् । उनीहरूको थ्रोट स्वाब नमूना परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ ।
जयपृथ्वी नगरपालिकाले नगरपालिकाका ११ ओटै वडाका अतिविपन्न र ज्यालामजदुरी गरी जिविकोपार्जन गर्ने ७ सय ३० जनालाई राहात वितरण गरेको छ । सरकारको राहत वितरण मापदण्ड अनुसार राहात वितरण गरिएको जयपृथ्वी नगरपालीकाका प्रमुख विरेन्द्र खड्काले बताउनु भयो । प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले जिल्लाबासीहरूलाई खाद्यान्नको समस्या नहोस भन्नका लागि व्यापारीहरूलाई खाद्यान्न ढुवानीका लागि पासको व्यवस्था गरिएको बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** नेपाल सरकारद्धारा जारी गरिएको लकडाउनका क्रममा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगको कार्यविधि अनुसार अछाममा पाँच सदस्यीय जिल्लास्तरीय मानव अधिकार अनुगमन समिति वैशाख ६ गते निर्माण गरिएको छ । अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) सदस्य रहेको उक्त अनुगमन

समितिको संयोजकमा बार एसोसिएसन, अछामका अध्यक्ष कृष्णप्रसाद ढुङ्गाना चयन भएका छन् । समितिको सदस्यमा पत्रकार महासंघका कार्यवाहक अध्यक्ष खम्म खत्री, गैरसरकारी संस्था महासंघका पूर्वकोषाध्यक्ष विन्दु रावल, इन्सेक जिल्ला प्रतिनिधि शिवराज ढुङ्गाना र अधिकारकर्मी दुधकला विष्ट रहेका छन् । चयन भएका सदस्यले नेपालका प्रचलित कानुन, आयोगका नीति, नियम तथा आचारसंहिता पालना गरेर अनुगमनमा गर्ने भएका छन् । अनुगमन समितिले कोरोना भाइरसका सन्दर्भमा जिल्लामा भइरहेका काम, स्वास्थ्य, खाद्य, न्याय, प्रेस र अभिव्यक्ति स्वतन्त्रता, आमसञ्चारमाध्यम, नागरिक समाज, अधिकारकर्मीको भूमिका, नागरिक सचेतना लगायतका सवालमा अनुगमन गर्ने छ । राष्ट्रिय मानवअधिकार आयोगले तोकेको आयोगका आयुक्त संयोजक रहेको नौ सदस्यीय उच्चस्तरीय मानव अधिकार अवस्था अनुगमन तथा समन्वय समिति रहेको छ ।
कोरोना भाइरसको आशङ्कामा जिल्लामा ४ सय ५८ जनाको पिसिआर र र्‍यापीड डाइग्नोष्टिक टेष्ट विधिबाट स्वास्थ्य परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । स्वास्थ्य कार्यालय मंगलसेनमा ९७ जना, कमलबजार नगरपालिकामा ६७ जना, तुर्माखाँद गाउँपालिका ४८ जना, पञ्चदेवल विनायक नगरपालिकामा ४२ जना गरेर २ सय २१ जनाको र्‍यापीड टेष्ट (आरडिटी) परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय, अछामले जानकारी दिएको छ । चैत २५ र २६ गते २ सय ३६ जनाको थ्रोट स्वाब सङ्कलन गरेर काठमाडौँमा पठाएर पिसिआर विधिबाट परीक्षण गरिएको बताइएको छ । जिल्लाका तालिम प्राप्त स्वास्थ्यकर्मीहरूको टोली विभिन्न स्थानीय तहमै गएर नेपालबाहिरबाट फर्किएका व्यक्तिहरूमा र्‍यापीड टेष्ट गरिरहेका छन् ।
कोरोना भाइरसको सम्भावित सङ्क्रमणको परीक्षण र उपचारका लागि स्वास्थ्य मन्त्रलायले ६ जना चिकित्सकको टोली पठाएको छ । टोलीमा डा. शरदचन्द्र बराल, अर्थोपेडिक डाक्टर मोहन नाथ र क्षितिज सापकोटा, गाइनोलोजीस्ट डा. धर्मराज रेग्मी, रेडियोलोजिष्ट डा. मिलन सिलवाल र डा.विष्णु खतिवडा रहनु भएको छ । वैशाख ७ गते मन्त्रालयबाट खटिएको चिकित्सक टोली जिल्लामा आइपुग्ने र चिकित्सकहरुको टोलीले झण्डै एक महिना जिल्लामा रहेर काम गर्ने जिल्ला स्वास्थ्य कार्यालय, अछामका प्रमुख झनकराज ढुङ्गानाले जानकारी दिनुभयो । सरकारले अछाम अस्पताललाई कोरोना विशेष अस्पतालका रूपमा तोकेको छ भने मन्त्रालयले अछाम अस्पतालमा काम गर्नेगरी डाक्टर प्रेमप्रसाद ढुङ्गानालाई खटाएको छ ।
रामारोशन गाउँपलिकाले वडा नम्बर १ मलातीकोट र वडा नम्बर २ चाफमाडौँका १८/१८ जना, वडा नम्बर ३ शान्तडाका ३० जना गरेर ६६ जनालाई राहतस्वरूप खाद्यन्न वितरण गरेको छ । वडामा आर्थिक अवस्था कमजोर भएका तथा विपन्न परिवारलाई प्रतिपरिवार ३० किलो चामल, तीन किलो दाल, तीन पाकेट नुन र चार पोका तेल वितरण गरिएको गाउँपालिका अध्यक्ष झंकरबहादुर साउँद (भाष्कर)ले जानकारी दिनुभयो । गाउँपालिकाले असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असाहयहरूलाई उपलब्ध गराउने राहत सम्बन्धि मापदण्ड तयार गरेर वडा अध्यक्षको रोहवरमा सात ओटै वडामा वितरण गर्ने तयारी गरेको जानाएको छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** दिपायल सिलगढी नगरपालिका र पुर्बिचौकी गाउँपालिकामा लकडाउनका कारण समस्यामा परेका असाहय तथा विपन्न परिवारलाई राहतस्वारूप खाद्यान्न उपलब्ध राउने उद्देश्यका साथ जिल्लामा कियाशिल गैरसरकारी संस्था सामुदायीक बिकास केन्द्र (सिडिसी) र सामुदायीक बिकास मञ्च (सिडिएफ)ले ५ लाख ८० हजार रूपियाँ कोरोना भाइरस सङ्क्रमण तथा नियन्त्रण उपचार कोषमा जम्मा गरिएको छ । दिपायल सिलगढी नगरपालिका र पुर्बिचौकी गाउँपालिकामा रहेका विपन्न तथा दैनिक छाँक टार्न समस्या भएका परिवारलाई खाद्यान्न

तथा राहत वितरण गर्नको लागि सो रकम सहयोग गरिएको सामूदायीक विकास केन्द्र डोटीका अध्यक्ष हेमराज जोशीले जानकारी दिनुभयो । सिडिसि र सिडिएफले दिपायल सिलगडी नगरपालिकाले स्थापना गरेको राहत कोषमा २ लाख ९० हजार र पुर्बिचौकी गाउँपालिकाले स्थापना गरेको राहत कोषमा २ लाख ९० हजार रूपियाँ वैशाख ६ गते नै जम्मा गरेको छ ।
पुर्बिचौकी गाउँपालिकाका मेयर दिर्घराज बोगटीले संस्थाले उपलब्ध गराएको रकमबाट गाउँपालिकाभित्र रहेका असाहय र विपन्न परिवारलाई खाद्यान्न वितरण गरिने बताउनु भयो । दिपायल सीलगढी नगरपालिकाका मेयर मञ्जु मलासीले बिपतको समयमा  गरिएको सहयोगले नगरपालिकालाई ठुलो सहयोग पुगेको बताउँदै संस्थाहरूले उपलब्ध गराउनु भएको सहयोग रकमबाट विपन्न परिवारको समस्या समाधन गर्न सकिने र सो रकम औषधि उपचारका लागि पनि खर्च गर्न सकिने बताउनु भयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** अपिहिमाल गाउँपालिका भन्दाबाहिर रहेका अपिहिमालबासीले राहतको लागि माग गरेका छन् । पढाई, काम र रोजगारको सिलसिलामा गाउँपालिकाबाहिर रहेका अपिबासीले राहतको लागि पहल गरिदिन आग्रह गरेका हुन् । घर छोडिबाहिर बसेका अपिहिमाल गाउँपालिकाका ६ ओटै वडाका स्थानीयले लकडाउनका कारण खान बस्न समस्या हुने अवस्था आएपछि गाउँपालिकालाई सहयोग गर्न आग्रह गरेका छन् ।
हाम्रा अभिभावक भनेकै अपिहिमाल सरकार र गाउँपालिका अध्यक्ष हुन्, काठमाण्डौंमा रहनुभएका कमलेश रोकायाले भन्नुभयो, अहिलेको अवस्थामा गाउँपालिकाबाहिर बसेका हामीहरूको अभिभाकत्व ग्रहण गर्नुपर्छ ।
हामीले गाउँपालिकाबाहिर रहेका सबैको तथ्याङ्क बुझाएका छौं । नेपालमा मात्र नभई नेपालबाहिर रहेकाहरूको समेत लिष्ट तयार गरेका छौं, रोकायाले भन्नुभयो । राहत उपलब्ध गराउन कसरी सकिन्छ भन्ने विषयमा अध्यक्ष धर्मानन्द मन्यालसँग कुराकानी भएको छ । उहाँ सकारात्मक हुनुहुन्छ, रोकायाले भन्नुभयो ।
अपिहिमाल गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले गाउँपालिका बाहिररहेका व्यक्तिलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा कार्यपालिका बैठकमा छलफल गर्ने तयारी भएको बताउनुहुन्छ । गाउँपालिकाबाहिर रहेका गाउँबासीलाई अप्ठ्यारो हुन दिन्न, उहाँले भन्नुभयो, बैठकबाट निर्णय गराएर राहत दिन्छौं । अप्ठयारोमा परेकाहरूलाई गाउँपालिकाले सम्झिने भन्दै यसको लागि गाउँपालिका भरीका ६ ओटै वडाबाट समेत तथ्याङ्क माग गरिएको अध्यक्ष मन्यालको भनाइ छ ।
हालसम्म तयार गरिएको सूची अनुसार सदरमुकाम खलंगामा ६५ जना, महेन्द्रनगरमा १८ जना, धनगढीमा १ सय ३ जना, नेपालगञ्जमा १५ जना, काठमाडौंमा ३ सय ६१ जना र अन्य क्षेत्रमा पाँच जना रहेको तथ्याङ्क सङ्कलन गरिएको अध्ययनका क्रममा काठमाडौंमा रहनुभएका महेशसिंह धामीले जानकारी दिनुभयो ।
यसैगरी देशबाहिर भारतमा ६७ जना, कुवेत एक जना, कोरोसिया चार जना, जापानमा ६ जना, बहराइना एक जना, पोल्याण्डमा एक जना, साउँदीमा दुई जना, पोर्चुगलमा दुई जना, युकेमा एक जना, कतारमा एक जना, अस्ट्रलियामा एक जना, अफगानिस्तान एक जना, मलेसियामा १२ जना, दुवईमा ११ जना र कोरीयामा १० जना रहेको बताइएको छ ।
नेपालका उत्तरी जिल्लाहरूलाई चीनले दिदै आएको सहायता सामग्री रोकिएको छ । महामारीको रूपमा फैलिएको कोभिड - १९ का कारण चीन सरकारले बैदेशिक सहयोगको प्राथमिकता घटाएपछि सहायता सामग्री रोकिएको हो । यो वर्ष चीनले नेपालका उत्तरी क्षेत्रका १४ जिल्लालाई स्काभेटर सहयोग दिने प्रक्रिया अघि बढेको थियो । चीन सरकारले दार्चुलासहित १४ जिल्लालाई एक / एक सडक निर्माणका

लागि स्काभेटर उपलब्ध गराउने प्रक्रिया अन्तिमचरणमा पुगेको थियो । तर, यो वर्ष कोरोना भाइरसको सङ्क्रमणका कारण चीन सरकारको वैदेशिक सहयोग प्राथमिकतामा परिवर्तन गरिएको कारण सहायता सामग्री रोकिएको नेपाली महावाणिज्यदुताबासका महावाणिज्यदुत गोबिन्दबहादुर कार्कीले जानकारी दिनुभयो । चीनले दिने सहायता सामग्री स्थगित भएको जानकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्राप्त भएपछि मन्त्रालयले जिल्लाका १४ ओटै स्थानीय तहलाई यो पटक चीनबाट प्राप्त हुने सहयोग रोकिएको जानकारी गराएको  छ ।

अपिहिमाल गाउँपालिका, मार्मा गाउँपालिका र नौगाड गाउँपालिकाले कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण फैलिन नदिन उच्च सतर्कता अपनाएको छ । यी गाउँपालिकाहरूले अहिले सिमाक्षेत्रबाट आउने व्यक्तिहरूलाई विशेष निगरानी बढाउनुको साथै प्रमुख नाकाहरू बन्द गरेका छन् ।

गाउँपालिकामा बाहिरबाट कोही नयाँ व्यक्ति प्रवेश गरेमा आवश्यक सोधखोज गरेर मात्र प्रवेश गर्न दिइएको नौगाड गाउँपालिका अध्यक्ष प्रेमसिह धामीले जानकारी दिनुभयो । नौगाड  गाउँपालिकाले कोरोनाको सङ्क्रमण फैलिन नदिन गाउँपालिकाको  ६ ओटै वडामा कोरोना रोकथाम समन्वय समिति गठन गरेको छ । उक्त समितिले कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन सचेतना अभिवृद्धि गर्ने, लकडाउन कार्यान्वयन गराउने ,प्रत्येक घरपरिवारमा कोरोना भाइरसको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुको साथै असङ्गठित क्षेत्रमा कार्यरत व्यक्तिहरूका लागि राहत सामग्री वितरण गर्ने कार्य पनि भइरहेको गाउँपालिका अध्यक्ष धामीको भनाइ छ ।

यसैगरी अपिहिमाल गाउँपालिकाले गाउँपालिकाभरीका ७ हजार ६ सय व्यक्तिलाई साबुन वितरण गरेको छ । गाउँपालिकाले पालिकाभित्र रहेको ६ ओटै वडाहरूबाट असहाय, अपाङ्गता, एकल महिला र असङ्गठित मजदूरहरूको डाटा सङ्कलन गरिरहेको नजाएको छ । सबै वडाबाट वैशाख ७ गतेसम्म तथ्याङ्क आइसकेपछि कार्यपालिका बैठकले निर्णय गरेर राहत वितरण गरिने गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले जानकारी दिनुभयो ।

मार्मा गाउँपालिकाले पनि कोरोनाविरूद्धको उच्च सतर्कता अपनाएको गाउँपालिका अध्यक्ष जमनसिंह धामीले जानकारी दिनुभयो । गाउँपालिकाले ६ ओटै वडाहरूमा पर्ने सिमानाकाहरू पूर्णरूपमा बन्द गरेको छ भने गाउँपालिकामा स्वास्थ्य सामग्री खरिदको प्रक्रिया पनि अगाडी बढाएको गाउँपालिकाले जनाएको छ ।

नौगाड गाउँपालिकाले गाउँपालिकाभित्र असहाय, गरिब, एकल महिला, दलित र असङ्गठित क्षेत्रका मजदुरलगायतलाई खाद्यान्न वितरणको लागि तथ्याङ्क सङ्कलन गरिने बताएको छ । पहिलो चरणमा गाउँपालिकाभरीका ६ ओटै वडाका ८६ जनालाई खाद्यान्न वितरण गरेकोमा गाउँपालिकाले दोस्रो चरणको खाद्यान्न वितरणको लागि तथ्याङ्क सङ्कलन गर्ने भएको हो ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** कोरोना रोकथाम तथा नियन्त्रणका लागि महाकाली अस्पतालले  भेन्टिलेटरसहितका उपकरणमा बदमासी गरेको समाचार बाहिरिएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन सुरू गरेको छ । आयोगले अस्पताल प्रशासनबाट खरिदसम्बन्धि कागजातहरू नियन्त्रणमा लिएको छ।

अस्पतालको भेन्टिलेटर खरिद प्रक्रियामा अनियमितता गरेको  समाचार बाहिरिएपछि अख्तियारले चासो दिएको अख्तियारको कञ्चनपुर कार्यालयका प्रवक्ता टोपबहादुर विष्टले बताउनु भयो ।

उहाँले भन्नु भयो - 'कागजात नियन्त्रणमा लिएका छौँ ।  अनुसन्धान गर्छौं। ठेक्का पाउने कम्पनीले लिखित सम्झौता नहुँदै समान अस्पताल पुऱ्याएको पाइएको छ।'

सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले इन्जिनियर हरेन्द्र चटौतलाई भेन्टिलेटरको अनुगमन गरेर प्रतिवेदन दिन निर्देशन दिएको थियो। चटौतले महाकाली अस्पताललाई बुझाएको प्रतिवेदनमा भेन्टिलेटर स्पेसिफिकेसन अनुसार नभएको उल्लेख छ। कोरोना रोकथाम र नियन्त्रणका लागि सामाजिक विकास मन्त्रालयले अस्पतालमा आइसियू सञ्चालन गर्न भेन्टिलेटरसहितका पाँच उपकरण खरिद गर्न चैत ११ गते १ करोड रूपियाँ बजेट दिएको थियो। सोही बजेटबाट अस्पतालले करिब ५५ लाखमा भेन्टिलेटरसहितका उपकरण खरिदका लागि सात दिने सूचना जारी गरेको थियो। आर.जी. सप्लायर्स प्रालि काठमाडौँले ठेक्का पाएको थियो। अस्पताल प्रशासनले सप्लायर्सलाई चैत २८ गते तीन दिनभित्र सम्झौता गर्नका लागि पत्राचार गरे पनि सम्झौता नगरेरै दुई दिनपछि सामान पठाएको थियो । सम्झौताविनै पठाइएका सामान स्वीकार नगर्ने अस्पतालले जनाएको छ।
अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.हरिकुमार श्रेष्ठले पुरानो खिइएको भेन्टिलेटर आएकाले स्वीकार गर्न नसकिने बताउनु भयो।
अस्पताल विकास समितिका अध्यक्ष कृष्णदत्त जोशीले पुरानो प्रयोग भएको समान दिएर अस्पताललाई गुमराहमा राख्न खोजिएको बताउनु भयो ।
उहाँले भन्नु भयो -' भेन्टिलेटर खोलेर हेर्दा पुरानो पठाएको पाइयो । रकम नयाँ सामानको लिएर पुरानो सामान पठाएको छ। यो हामीले लिने कुरै भएन ।'

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** भारतीय सीमा क्षेत्रमा तयार गरिएका क्वारेन्टाइनमा बस्दै आएका नेपाली मजदुरहरूले सर्वोच्च अदालतको आदेश कार्यान्वयनमा सहयोग गर्न सरोकारवाला पक्षलाई अनुरोध गरेका छन् । सर्वोच्चको आदेश कार्यान्वयन गरेर आफूहरूलाई स्वदेश फर्काउन सबैले सहयोग गर्नु पर्ने भारतीय क्वारेन्टाइनमा बस्दै आएका नबीन बोहराले बताउनु भयो । भारतीय क्वारेन्टाइनमा बस्नको लागि निकै समस्या भएकाले आफूहरूलाई स्वदेश ल्याएर स्वदेशकै क्वारेन्टाइनमा राख्न उहाँले आग्रह गर्नु भयो ।
भारतीय क्वारेन्टाइनमा बस्नको लागि समस्या भएकाले आफूहरूलाई स्वदेश फर्काउन आवश्यक भएको हरिप्रकाश भट्टले बताउनु भयो । सर्वोच्चले सीमामा रहेका नेपाली नागरिकलाई स्वदेशमा ल्याएर क्वारेन्टाइनमा राख्न आदेश दिएको भएपनि सो आदेश कार्यान्वयन हुन सकेको छैन् । सीमावर्ती भारतीय क्षेत्रमा क्वारेन्टाइनमा बस्दै आएका नागरिकहरूले बसोबासको समस्या हुँदा अन्य सरूवा रोगको जोखिम भएकोसमेत बताएका छन् ।
एकै कोठामा धेरै मानिस सुत्नु पर्ने भएकाले विभिन्न रोगको जोखिम रहेको दीर्घराज जोशीले बताउनु भयो । आफूहरूलाई भारतीय क्वारेन्टाइनमा बसेको २० दिन पुगिसकेको भएपनि नेपाल सरकारले आफूहरूलाई स्वदेश ल्याउन नसकेकोमा दुख लागेको जोशीको भनाइ छ ।
गर्मीको समयमा धेरै जना एकै ठाउँमा बस्दा छालासम्बन्धी रोग, झाडापखाला र अन्य सरूवा रोगको सङ्क्रमण हुन सक्ने जिल्ला अस्पताल, बैतडीका प्रमुख डा.वसन्तराज जोशीले बताउनु भयो । भारतीय बजार झुलाघाटमा २ सयबढी र धार्चुलामा १ हजारबढी नेपाली नागरिक क्वारेन्टाइनमा बसिरहेका छन् । तीमध्ये बैतडीका मात्रै ९ सय जना रहेका छन् ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**